२९ असोज २०६४, म□लबार (16 October 2007)




## प्रधानमन्त्रीद्वारा एनआरएन तेस्रो विश्व सम्मेलन उद्घाटन

# दोहोरो नागरिकता दिन सकिन्छ : कोइराला

प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले गैरआवासीय नेपाली (एनआरएन) लाई दोहोरो नागरिकता दिन सरकार तयार रहेको बताउनु भएको छ। काठमाडौंमा सोमबारदेखि शुरु भएको तेस्रो एनआरएन विश्व सम्मेलनको उद्घाटन गर्दै प्रधानमन्त्री कोइरालाले गैरआवासीय नेपालीलाई दोहोरो नागरिकता दिन सरकारलाई कुनै अप्ठ्यारो नरहेको बताउनुभयो।

विश्वका करिब ४० भन्दा धैरै मुलुकबाट सम्मेलनमा सहभागी एनआरएनबीच भावुक शैलीमा प्रस्तुत हुनु भएका प्रधानमन्त्री कोइरालाले आफू देशको प्रधानमन्त्रीका रुपमा नभएर एनआरएनहरुको प्रतिनिधिका रुपमा समारोहमा उपस्थित भएको बताउनु भएको थियो। 'म सहभागी मन्त्रीहरुलाई पनि भन्न चाहन्छु, दोहोरो नागरिकता दिँदा आपत्ति मान्नु पर्दैन' प्रम कोइरालाले भन्नुभयो, 'दोहोरो नागरिकताको व्यवस्थापछि धेरै समस्याहरु समाधान हुनेछ।' विश्वका विभिन्न मुलुकहरुमा छरिएर रहेको भए पनि एनआरएनहरु आत्मा नेपालमै भएको र शरीर मात्रै बाहिर रहेको बताउदै उहाँले जब आत्मा नै नेपालमा छ भने शरीरदेखि डराएर दोहोरो नागरिकता रोक्न नहुने धारणा राख्नुभयो।

एनआरएनहरु जनताका राजदूत भएको उल्लेख गर्दै उहाँले नेपाली जनताको विकास र समृद्धिका लागि उनीहरुले अगाडि बढाएको प्रयास सार्थक हुने विश्वास व्यक्त गर्नुभयो।

प्रधानमन्त्री कोइरालाले एनआरएनहरुलाई नेपालमा आर्थिक लगानी बढाउन पनि आव्हान गर्नु भएको छ। 'स्वदेशी वा विदेशी लगानी-कर्ताहरुसँग साझेदारीमा लगानी गर्नु राम्रो हुनेछ' उहाँले भन्नुभयो, 'सरकारले लगानीको वातावरण र सुरक्षा दिनेछ।'

मुलुकमा अहिले उत्पन्न राजनीतिक गतिरोध अन्त्य गर्न सातदल सक्षम रहेको बताउँदै उहाँले सातदलको एकता नटुट्ने र शान्ति प्रक्रिया सफलतापूर्वक अगाडि बढ्ने विश्वास पनि दिलाउनु भयो। संविधानसभाको निर्वाचनका लागि नयाँ तिथि चाँडै तोकिने विश्वास पनि उहाँले व्यक्त गर्नुभयो। सो समारोहमा परराष्ट्र मन्त्री साहना प्रधानले एनआरएन ऐनमा आवश्यकता अनुसार संसोधन गर्न सरकार तयार रहेको बताउनुभयो। एनआरएनको सीप र क्षमताको प्रयोग गरी समृद्ध नेपालको निर्माण गर्न सकिने विश्वास उहाँले व्यक्त गर्नुभयो।

एनआरएन अन्तर्राष्ट्रिय समन्वय परिषद्का अध्यक्ष डा. उपेन्द्र महतोले नेपालको विकासका लागि लगानी गर्न एनआरएन तयार रहेको तर त्यसका लागि सरकारले कानुनी अवरोधहरु हटाउनुपर्ने माग गर्नुभयो। सरकारले ल्याएको एनआरएन ऐनले आर्थिक र बौद्धिक लगानीको दायरा फराकिलो बनाइदिए पनि ऐन अपूर्ण रहेकाले संसोधनको आवश्यकता औंल्याउनुभयो। शिक्षा, स्वास्थ्य, जलस्रोत, वित्तीय क्षेत्र, सञ्चार लगायतका क्षेत्रहरुमा एनआरएनहरुले लगानी गरिसकेको जानकारी उहाँले दिनुभयो।

आर्थिक मन्दी आएको समयमा पनि रेमिटेन्स्को माध्यमबाट नेपाललाई असफल राष्ट्र हुनबाट जोगाएको उहाँले बताउनुभयो। मुलुकको आर्थिक र राजनीतिक रुपान्तरणमा एनआरएनको योगदान महत्वपूर्ण हुने उल्लेख गर्दै उहाँले त्यसका लागि सरकारले दोहोरो नागरिकता दिन ढिला गर्न नहुने बताउनुभयो। संविधानसभाको निर्वाचन स्थगित भएकोमा चिन्ता व्यक्त गर्दै उहाँले आगामी निर्वाचनमा एनआरएनलाई मताधिकारको व्यवस्था गर्न माग गर्नुभयो।



सम्मेलन उद्घाटन समारोहलाई सम्बोधन गर्दै प्रधानमन्त्री कोइराला।

नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चण्डीराज ढकालले मुलुकको सामाजिक र आर्थिक विकासमा एनआरएनले ठूलो सहयोग पुऱ्याएको बताउनुभयो। विदेशमा बसेका नेपालीसँग सहकार्य गरी मुलकको आर्थिक विकासमा कार्य गर्न निजी क्षेत्र तयार रहेको अध्यक्ष ढकालले जानकारी दिनुभयो।

एसियाको नोबल पुरस्कार मानिने म्यागसेसे पुरस्कार विजेता महावीर पुनले नेपालमा रोजगारीको अवसर नभएका कारण नै थुप्रै नेपालीले विदेशिनु पर्ने बाध्यता आएको बताउँदै विदेशका बस्ने नेपालीले जलस्रोत, पर्यटन र नेपाली वस्तुको बजार प्रबर्द्धन गरी विकासमा सहयोग पुऱ्याउन सक्ने सुझाव दिनुभयो। तीन दिनसम्म सञ्चालन हुने सम्मेलनमा करिब पाँच सय प्रतिनिधिले भाग लिइरहेका छन्। ♦

# एनआरएन र पार्टीहरू

प्रमुख राजनीतिक दलका नेताहरुले मुलुकको पुनर्संरचनामा गैरआवासीय नेपाली (एनआरएन) को भूमिका महत्वपूर्ण रहेको स्वीकार गरेका छन्। सम्मेलनको दोस्रो दिन 'नयाँ नेपालको रुपरेखा र गैरआवासीय नेपालीको भूमिका' विषयक कार्यसत्रमा बोल्दै नेताहरुले एनआरएनको ज्ञान र सीपलाई नयाँ नेपाल निर्माणमा उपयोग गर्नु पर्नेमा जोड दिएका छन्। एनआरएनलाई दोहोरो नागरिकता दिनु पर्नेमा पनि उनीहरुको एक मत छ।

नेकपा (एमाले) का महासचिव माधवकुमार नेपालले बेरोजगारी र पछ्यौटेपनको अन्त्य गर्न मुलुकमा लगानीको वातावरण बनाउनु पर्नेमा जोड दिनुभयो। एनआरएनको लगानी बढाउन सके त्यसको सकारात्मक प्रभाव पर्ने उहाँको कथन छ।

संविधानसभाको निर्वाचन यही वर्ष हुनुपर्नेमा जोड दिँदै महासविच नेपालले निकासका लागि एमालेले प्रयास गरिरहेको जानकारी दिनुभयो।

नेपाली काङ्ग्रेसका कार्यवाहक सभापति सुशील कोइरालाले एनआरएनलाई दोहोरो नागरिकता दिन नेपाली काङ्ग्रेस सकारात्मक रहेको बताउनु भयो। राजनीतिक निकासका लागि माओवादीलाई व्यवस्थापिका-संसदमा दर्ता गरेको प्रस्ताव फिर्ता लिन पनि उहाँले आग्रह गर्नुभयो।




नेकपा (माओवादी)का अध्यक्ष प्रचण्डले पनि भारत तथा विश्वका अन्य मुलुकहरुमा दोहोरो नागरिकताको व्यवस्था रहेको उल्लेख गर्दै आफ्नो पार्टीको सरकार आएमा दोहोरो नागरिकता दिइने आश्वासन दिनुभयो।

एनआरएनको पूँजीगत लगानी मात्र नभई ज्ञान र सीपलाई पनि अधिकतम् उपयोग गर्नुपर्नेमा जोड दिँदै अध्यक्ष प्रचण्डले प्रत्येक राजदूतावासमा एनआरएनका लागि छुट्टै कार्यकक्षको व्यवस्था गर्नुपर्ने आवश्यकता औल्याउनु भयो।

उहाँले आत्मनिर्भर अर्थव्यवस्था निर्माणका लागि एनआरएनको लगानी महत्वपूर्ण हुने धारणा पनि राख्नुभयो।

माओवादीका वरिष्ठ नेता डा. बाबुराम भट्टराईले चीनमा गैरआवासीय चिनियाँहरुको लगानीले विकासमा फड्को मारेको बताउँदै नेपालमा पनि एनआरएनको लगानी, सीप र ज्ञानलाई सही ढङ्गले उपयोग गर्नुपर्नेमा जोड दिनुभयो।

संयुक्त जनमोर्चा नेपालका अध्यक्ष अमिक शेरचनले मुलुकको विकासका लागि देशमा रहेको अपार प्राकृतिक स्रोतको उपयोगमा एनआरएनहरुको ज्ञान, सीप र पूँजी उपयोग गर्नुपर्ने बताउनु भयो।

एनआरएनहरुले नयाँ नेपाल निर्माणमा एनआरएनको भूमिका के रहनेछ भन्नेमा दलहरुको प्रस्ट धारणा आउन नसकेको भन्दै आलोचना गरेका थिए। ♦

## भित्र


- अन्तर्वार्ता: अर्थमन्त्री डा. रामशरण महत
- सम्मेलनका सहभागी
- वैदेशिक रोजगारबारे छलफल



**सम्पादन/प्रकाशन**

तेस्रो गैरआवसीय नेपाली विश्व सम्मेलनका लागि नेपाल आर्थिक पत्रकार समाज (सेजन) द्वारा सम्पादित/प्रकाशित।



# वैदेशिकरोजगारीमाथिछलफल

# बिनासीपनेपालपछिपर्छ

पश्चिमी मुलुकहरुमा दक्ष कामदारको माग रहेको तर श्रम बजारलाई लक्षित गरेर नेपालले सीप दिन सकेको छैन । यसमा सुधार गर्न नसक्ने हो भने नेपाल पछि पर्ने एनआरएन आईसीसीका सदस्य एवं कार्यदलका संयोजक दीपक खड्काले बताउनु भएको छ ।

'राम्रा दक्ष जनशक्ति उत्पादन गरेर विदेशमा पठाउन नसक्ने हो भने नेपाली पछि पर्दैछौं, हामी कडा परिश्रमी, मेहेनती र इमान्दार भए पनि दक्षताको अभावले अवसर गुमाउने अवस्था आइसकेको छ' खड्काले वैदेशिक रोजगारी पीडा र प्राप्ति' विषयक छलफलमा कार्यपत्र पेश गर्दै भन्नुभयो ।

आवश्यक सीप, सुरक्षा जानकारी र एजेन्सीको गम्भीरता अभावका कारण नेपालीहरुले विदेशमा दुःख पाइरहेका छन् । त्यसतर्फ सरकार र वैदेशिक रोजगार व्यवसायीले ध्यान दिनुपर्ने गैरआवासीय नेपालीले बताए । देशमा आर्थिक अवसरको अभावले नै नेपालीहरु विदेशिने क्रम बढेको हो ।

गाउँबाट शहर पसेकाहरु रोजगारी पाउन नसकेपछि विदेशिने क्रम बढी देखिएको छ । वैदेशिक रोजगारीमा जानेको सङ्ख्या बढेअनुरुप रेमिटेन्स् भने आउन नसकेको उहाँको भनाइ थियो ।

पुरुषलाई मात्र नभई सुरक्षित मुलुकहरुमा महिला पनि पठाउन आवश्यक भएको र हङकङ, क्यानडा, सिंगापुरजस्ता मुलुक महिला कामदारको लागि सुरक्षित रहेको उहाँले उल्लेख गर्नुभयो ।




वैदेशिक रोजगारबाट देशमा भित्रिएको रेमिटेन्स्ले गाउँ र शहरको दूरीलाई घटाएको र बालबालिकाको शिक्षाको व्यवस्था भए पनि अबको दिनमा सीपयुक्त भएर गए शोषणमा पर्ने सम्भावना कम रहने समेत खड्काले चर्चा गर्नुभयो ।

खड्काले कार्यपत्रमा नेपाली एजेन्सीहरुकै कारण वैदेशिक रोजगारीमा जानेले अधिक खर्च गर्नुपरेकोले यसमा सरकारी निकाय, एजेन्सी, नागरिक समाजले ध्यान पुऱ्याउन जरुरी रहेको बताउनुभयो । प्रस्थानपूर्व तालिम अभाव, पर्याप्त सूचना नहुनु र पछिल्लो समयमा मलेसियामा दुर्घटनामा परेर ज्यान गुमाउने क्रम बढेको छ ।

कार्यक्रममा एनआरएनए उपाध्यक्ष, मध्यपूर्वका सागर नेपालले ८० हजार रुपैयाँ लगानी गरेर मासिक ८ हजार कमाउन विदेश जानुभन्दा नेपालमै व्यवसाय गर्न उपयुक्त हुने धारणा राख्नुभएको थियो । उहाँले सरकारी-सरकारी वा संस्थागत-संस्थागत तहमा कामदार पठाउन सके नेपालीले अहिले तिर्नुपरेको आर्थिक भार निकै कम हुने उल्लेख गर्दै ५ लाखको बीमा निकै कम भएको बताउनु भयो । ८० हजार रुपयाँ तिरेर विदेशमा पठाउने कार्यप्रति राज्यले सोचेर नीति बनाउनु जरुरी छ' नेपालको भनाइ थियो ।

नेपाल वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष एलपी साँवा लिम्बूले यो व्यवसायलाई एनआरएन उत्पादन गर्ने कारखाना बन्दै गएको बताउनु भयो । उहाँले नेपालबाट जाने कामदारहरु अदक्ष र अशिक्षित रहेको स्वीकार गर्दै कोरा मानिसलाई तालिम दिने काममा एनआरएनसँग साझेदारी गर्न तयार रहेको बताउनुभयो ।

ब्रिटिश गोर्खा सैनिकबारे प्रस्तुति गर्नु हुँदै आईसीसीका सदस्य हितमान गुरुङले दोहोरो नागरिकता नदिने हो भने नेपालीको पहिचान, संस्कृति, भाषा नै हराएर जाने चिन्तामा आफूहरु रहेको बताउनुभयो ।

वैदेशिक रोजगार व्यवसायलाई मर्यादित बनाउनका लागि सरकारले एनआरएनहरुसँग सहयोगको लागि आग्रह गरेको छ । कार्यक्रममा श्रम तथा यातायात व्यवस्था राज्यमन्त्री रमेश लेखकले वैदेशिक रोजगारीमा अवसर र जोखिम दुबै रहेको उल्लेख गर्नु हुँदै सरकार वैदेशिक रोजगारलाई मर्यादित बनाउन लागिरहेको बताउँदै त्यसमा एनआरएनहरुको सहयोगको अपेक्षा गर्नुभयो ।

वैदेशिक रोजगार प्रवर्द्धनका लागि स्वतन्त्र बोर्ड गठन, न्यायाधिकरण, श्रम सहचरी र महिलालाई वैदेशिक रोजगारीमा पठाउने व्यवस्था लगायत एजेन्टलाई समेत व्यवस्थित गर्ने गरी काम शुरु गरिसकेको समेत बताउनुभयो । ♦



**सोमबारसम्पन्नराजनीतिक दलका नेताहरूसागको अन्तर्क्रियामा एनआरएनहरू ।**

**सन् २००३ को अक्टोबरमा गैरआवासीय नेपाली संघ (एनआरएन) को गठन भएयता ३८ वटा मुलुकहरूमा यसका राष्ट्रिय समन्वय परिषद्हरू गठन भइसकेका छन् । सरकारले पनि गैरआवासीय नेपालीहरूको सीप, पूजी मुलुकमा भित्र्याउने उद्देश्यसहित एनआरएन ऐन पनि जारी गरिसकेको छ । संस्था जन्मनु, ऐन जारी हुनु, सबै क्षेत्र र वर्गको सहयोग प्राप्त हुनु हालसम्मका यसका मुख्य मुख्य उपलब्धि भएको सम्बद्ध व्यक्तिहरू बताउाछन् ।**

# गैरआवासीयनेपाली

एनआरएनसम्बन्धी ऐन कानुन निर्माण हुनु अत्यन्तै सकारात्मक कदम भए पनि बाध्यतावस विदेशिन पुगेका नेपालीलाई दोहोरो नागरिकता नदिइनु दुःखद् कार्य हो ।

सागर नेपाल
*उपाध्यक्ष, गैरआवासीय नेपाली संघ मध्यपूर्व क्षेत्र*

■ ■ ■

गैरआवासीय नेपालीहरुको क्षेत्रमा समग्रमा राम्रो काम भएको छ । संस्था गठन हुनु तथा ऐन आउनु आफैमा राम्रो कुरा हो । तर दुई वर्ष विदेश बसोवास गरेकाहरु मात्र गैरआवासीय नेपाली हुने प्रावधानले गल्फ कन्ट्रीहरुमा जाने कामदार मर्कामा परेका छन् । अन्तर्राष्ट्रिय प्रावधानअनुरुप १ सय ८२ दिन विदेश बसेका व्यक्ति प्रावधान अन्तर्गत पर्छन् । छिमेकी देश भारत तथा बंगलादेशले अपनाएको दोहोरो नागरिकता प्रणाली नेपालमा पनि अपनाउन सके गैरआवासीय नेपालीको धेरै समस्या समाधान हुनेछ ।

इन्द्र वन, *अष्ट्रेलिया*

■ ■ ■

नेपाली र गैरआवासीय नेपाली मिलेर काम गर्नुपर्छ । नेपाल अमेरिकाजस्तो धनी नबने पनि साँच्चिकै नयाँ नेपाल भने बन्नेछ ।

राजेन्द्रबहादुर श्रेष्ठ, *अमेरिका*

■ ■ ■

विदेशमा नेपालीका लागि थुप्रै समस्या छन् । सरकारले यसबारेमा विशेष ध्यान दिनु आवश्यक छ । उही नेपाली कोही एनआरएन कोही वैदेशिक रोजगारी अनि कोही विद्यार्थी गरी ३ वटा विशेषता रहेका छन् । यसलाई पनि एउटै विशेषता कायम गर्नुपर्ने यहाँको माग छ ।

बिमल गौतम, *साउदी अरेबिया*

■ ■ ■

अधिकांश नेपालीले लेबरका काम गर्नुपर्ने भएकोले उनीहरुले कमाउनेको सम्पत्ति सरलरुपमा बैधानिक तरिकाबाट नेपाल पठाउन नसकेकोले त्यसलाई सरल र व्यवस्थित गरिनुपर्ने आवश्यकता छ ।

सुरेस बस्याल, *संयुक्त अरब इमिरेट्स*

■ ■ ■



## सानैभएपनि कामगरौं:पुन

सन्ताउन्न वर्षे इतिहासमा हामीले तीन वटा क्रान्ति गऱ्यौं। रमाइलो लागेर र रहले गरेको होइन, क्रान्ति। हरेक क्रान्तिको मुख्य उद्देश्य राष्ट्र निर्माण गरी जनताको जीवनस्तरमा सुधार गर्ने हो। तर इतिहास हेर्ने हो भने मुटुमा हात राखेर भन्नुपर्छ, जति सक्थ्यौं त्यति गर्न सकेनौं। यो बीचमा विश्वले फड्को मारेको छ। कति मुलुक विकासका दृष्टिले कहाँबाट कहाँ पुगिसके। तर, मुलुकमा अवसर नपाएर नेपालीहरु विभिन्न मुलुक पलायन भए। तर समय बदलिएछ। अहिले सङ्गठित भएर तपाईंहरु राष्ट्र निर्माणका लागि आउनु भएको छ।

म पनि विदेशमा बसेको मान्छे हुँ। विदेशबाट फर्केपछि १५ वर्षदेखि पहाडी जिल्लामा बसेको छु। सानो-तिनो काम गरेर पनि राष्ट्र निर्माणमा योगदान दिन सकिन्छ भन्ने मेरो विश्वास हो। उदाहरणहरु म प्रस्तुत गर्न चाहन्छु। विद्यालय, याक गोठ, हाते कागज, माछा र मौरी पालनजस्ता साना कामले पनि आय-आर्जनको बाटो बनाउन सकिन्छ भन्ने प्रमाणित भएको छ। काठको बाकसका कम्प्युटर प्रचलनमा छन्। ताररहित सञ्जाल अयोजनामा यिनै कम्प्युटर प्रयोग भएका छन्। तीन जिल्लाका १७ गाउँ सञ्जालमा आबद्ध छन्। यसले सूचनामाथिको पहुँच सहज बनाएको छ। मकवानपुर र दोलखामा पनि यस्तै अयोजना शुरु भएको छ। नेपालमा शान्ति आउँदैछ। पर्यटक पनि धेरै आइरहेका छन्। उनीहरुलाई गाउँ पुऱ्याउन टुरिस्ट लज बनाउँदै छौं। मैले पाएको म्यागासेसे पुरस्कार पनि त्यसैमा परेको छ। साना काम गरेर पनि देशलाई योगदान पुऱ्याउन सकिन्छ भन्ने कुरामा मेरो विश्वास छ।

अन्त्यमा, अमेरिकी राष्ट्रपति जोन एफ केनेडीले भनेको कुरा यहाँ स्मरण गराउन चाहन्छु। मैले अमेरिकाबाट के पाए हैन मैले के दिएँ भनेर सोच्नुस्। अमेरिकाको ठाउँमा नेपाल राखिदिनुस्, यसबाट के लिने हैन, के दिन सक्छु भनेर आजैदेखि हामी सोच्न थालौं। ♦

***(म्यागासेसे विजेता पुनले एनआरएन सम्मेलनमा गरेको सम्बोधनको सार ।)***

# PM stresses dual citizenship for NRNs

Over 400 non-resident Nepalis from around 40 countries seek dual citizenship and political parties views on what they said their role in new Nepal on the first day of global NRN conference.

Priminister Girija Prasad Koirala inaugurated the three-day conference amid a function Monday. Speaking at the inaugural ceremony, he asked the NRNs to shorten the list of demands, focusing on main agendas.

"NRNs must be given dual citizenship," he said. "Even though there are physically in far away places, their heart is always with the country."

However, he said he was expressing these views not at the capacity of prime minister, but as a representative of NRNs.

He also directed the Foreign Affairs Ministry to fully consult with NRNs, and involve them in the process of formulating necessary regulations of NRN Act. Asking the NRNs not to be nervous to invest in Nepal because of fear of political instability, he said the seven party alliance will not break off at any rate.

He also urged NRNs to make joint ventures with local business parties, and said that they should explore new opportunities in the country as well.

Ministry for Foreign Affairs Sahana Pradhan said the government is working with NRNs to promote economic diplomacy.

Dr Upendra Mahato president of NRNA said like other Nepalis, the NRNs perception is that fresh date for constituent assembly election should be announced at the earliest.

He said the NRNs must be allowed to participate in the election. "We are ready to extend necessary support for the purpose," he said.

Finance Minister Dr Ram Sharan Mahat said the third conference would be instrumental in expediting the pace of NRNS investment in Nepal. "Their investment should be utilized for the sustainable development and long-term peace," he said.

Acknowledging the important role of the NRNs, political parties said they have, in principal, agreed to provide dual citizenships.

In order to stem rife poverty, the country needs to lure massive investment from NRNs, said Madhav Kumar Nepal, general secretary of CPN-UML, speaking at the Second Plenary Session-Contours of New Nepal and role of NRN Community.

Noting that India and other countries have dual citizenship system, Prachanda, chairman of CPN-Maoist said his party would adopt the system without any dint of hesitation, if it ascends the corridor of power.

Dr Baburam Bhattari, a senior Maoist leader said if the NRNs' expertise, capital and skill are used effectively, the country will make a big leap within 10 years. ♦

# केचाहन्छन्,केपाए

एनआरएन सम्मेलनमा महिलाको सहभागिता न्यून छ। सन् २००३ मा भएको प्रथम सम्मेलनमा करिब ४० जना, २००५ मा २५ जना र अहिले करिब २० जना मात्रै छौं। घरपरिवार हेर्नुपर्ने भएकोले पनि बाहिर जान कठिन नै हुन्छ। मैलै सम्मेलनमा महिला प्रतिनिधिको रुपमा भाग लिँदै आएकी छु र यसमा मलाई गर्व पनि लाग्छ। हामी नेपालका अदृश्य राजदूत हौं।

रन्जना उदास, *उपाध्यक्ष एनसीसी लेसेथो*

■ ■ ■

म दुई वर्षदेखि इजरायलमा नेपाली कामदारबारे अनुसन्धान गरिरहेकी छु र वैदेशिक कामदार अधिकारको आवाज उठाइरहेकी छु। इजरायलमा १० हजार नेपाली महिला र दुई हजार नेपाली पुरुष छन। सीप तथा स्थानीय भाषा जान्ने महिलाको लागि इजरायलमा कामको अवसर धेरै छ। तर म्यानपावर कम्पनीहरुले सीप र स्थानीय भाषा नजानेका तथा अशिक्षित मानिसलाई उच्च तलबको प्रलोभन देखाई धेरै रकम असुलेर इजरायल पुऱ्याउने गरेको देखिन्छ। यसरी विदेश पुग्ने नेपाली कामदार आर्थिक शोषणमा परेका छन्।

डा. लीला भण्डारी, *उपाध्यक्ष इजरायल एनसीसी*

■ ■ ■

आठ वर्षदेखि जापानमा व्यवसाय गर्नुका साथै दोभाषेका रुपमा कार्यरत छु। शुरुका दिनमा धेरै संघर्ष गुर्नपऱ्यो। अहिले व्यवसाय राम्रो छ। सामानको गुणस्तर राम्रो भए व्यवसाय पनि राम्रो नै हुन्छ। मूलत: ब्राण्ड विकास गर्न सक्नुपर्छ। नेपालमा महिलाहरु पहिलेभन्दा अहिले अगाडि नै छन्। फेसनमा निकै फरवार्ड देखिन्छन्, काममा पनि त्यस्तै अघि बढ्न जरुरी छ।

मुना गुरुङ, *क्योटो, जापान*

■ ■ ■



एनआरएन सम्मलेनबारे पहिल्यैदेखि जानकारी थियो तर व्यस्तताका कारण आउन सकेकी थिइनँ। महिला सहभागिता कमै देखियो। सङ्ख्या बढाउन चेतना जगाउनु जरुरी छ। विदेश र नेपालका महिलालाई तुलना गर्दा शिक्षाको क्षेत्रमा यहाँका महिला अलि पछाडि छन् तर पहिलेको तुलनामा निकै अघि बढिरहेको देखिन्छ। विदेशमा बसेका र यहाँ बसेका नेपाली महिलाबीच भने खासै फरक छैन। दुवै प्रतिस्पर्धामा आउन सक्छन् जस्तो लाग्छ।

रन्जु थापा, *इन्जिनियर, अस्ट्रेलिया*

■ ■ ■

विदेश बस्दाको अनुभव भन्नुपर्दा विदेशी महिलाहरु अलि बढी स्मार्ट र काममा अघि सरिहार्ने खालका छन्। नेपाली महिलाहरुले उनीहरुबाट यस्ता कुरा सिक्न आवश्यक छ। नेपालमा पनि महिलाहरु फरवार्ड नभएका भने होइनन्। हामीले अनावश्यक सामान बिक्री गरी अर्थात 'यार्ड सेल' गरेर उठेको रकम नेपालका पिछडिएका महिलाको सहयोगको लागि पठाउने योजना पनि बनाएका छौं।

***मीना प्रधान, संयुक्त राज्य अमेरिका***




# अवरोध हटाइनेछ



**अर्थमन्त्री डा. रामशरण महत**

**अर्थमन्त्री डा. रामशरण महतले गैरआवासीय नेपालीको लगानी भित्र्याउने वातावरण बनाउन सरकार तयार रहेको बताएका छन् । कानुनमा समस्या छन् भने हटाउन सकिने उनको भनाइ छ । डा. महतसाग तेस्रो गैरआवासीय नेपाली सम्मेलनको अवसरमा लिइएको अन्तर्वार्ता ।**

**एनआरएनसम्बन्धी नयाँ कानुनमा रहेको एनआरएन हुन दुई वर्ष विदेशमा बसेको हुनुपर्ने भन्ने प्रावधानमा असहमति जनाइएको छ नि ?**

झिना-मसिना विषयमा अल्झिन हुँदैन । मुख्य मुद्दा नयाँ नेपाल बनाउने हो । विभिन्न व्यवस्थासहित कानुन आएको छ । यो कानुन समय र आवश्यकता अनुरुप परिमार्जन हुँदै जानेछ । ऐनका अवरोध हटाएर यहाँ लगानीको वातावरण बनाइने छ ।

**एनआरएनले दोहोरो नागरिकताको माग गरेका छन् । प्रधानमन्त्री समेत सकारात्मक देखिनु भएको छ । के भन्नुहुन्छ ?**

दोहोरो नागरिकता माग नयाँ कन्सेप्ट हो । यसको प्रक्रिया लामो छ । संविधान संशोधनदेखि धेरै प्रक्रिया छन् । दुरुपयोग नहुने गरी दोहोरो नागरिकता दिन सकिन्छ ।

**संविधानसभाको निर्वाचनमा सहभागी गराउनुपर्ने भन्ने एनआरएनहरुको माग मङ्सिर ६ मा निर्वाचन नहुने भएपछि पूरा होला ?**

यो विषयमा त निर्वाचन आयोगले नै केही भन्न सक्छ । तर, एनआरएनलाई मतदानको अधिकार दिलाउन संविधान नै संशोधन गर्नुपर्छ ।

**एनआरएनहरुले भन्दै आएको मुलुकमा लगानी, प्रविधि र सीपलाई सरकार कसरी ल्याउनुपर्छ भन्ने ठान्छ ?**

चालु वर्षको बजेटमै एनआरएनको पूँजी र प्रविधि भित्र्याउनका लागि थुप्रै व्यवस्था गरिएको छ । उनीहरुको सीप र प्रविधि भित्र्याउने कानुनी आधार तयार भएको छ । एनआरएनलाई सरकारले अन्य विदेशी लगानी सरहको सुविधासँगै नेपालीले पाउने सुविधा पनि दिएको छ । उनीहरुको श्रम, सीप र पूँजी ल्याउनका लागि सबै कानुनी अड्चन हटाइएका छन् ।

**एनआरएनहरुको लगानी कुन क्षेत्रमा आए राम्रो हुन्थ्यो लाग्छ ?**

नेपालको आवश्यकता धेरै छ । उनीहरुले जुनसुकै क्षेत्रमा लगानी गर्न सक्छन् । पूर्वाधार विकास, सेवा, हवाई, जलस्रोतलगायत लगानीका सम्भावनाका क्षेत्र हुन् । उनीहरुको अनुभवका आधारमा जुनसुकै क्षेत्रमा आउन अवरोध छैन । छ भने हटाइन्छ ।

**सरकार एनआरएनका लागि केही थप सुविधा दिने योजनामा छ कि ?**

भेटघाटपिच्छे सुविधा दिने भन्ने होइन । सरकारले एनआरएनका लागि नेपालमा पूँजी र सीप ल्याउने बाटो बनाइदिएको छ । समस्या देखिए मात्र हटाउने हो ।

**एनआरएनहरुले भनेजस्तै नेपाललाई एक दशकमा आर्थिकरुपमा समृद्ध मुलुक बनाउन त लगानीको वातावरण त बन्नुपर्‍यो नि हैन ?**

मुलुकलाई समृद्ध बनाउनका लागि पहिलो शर्त लगानीको वातावरण हो । जुन अहिले बनिसकेको छैन । शान्ति प्रक्रिया अगाडि बढ्दा लगानीको वातावरण बन्ला भन्ने जति अपेक्षा थियो, त्यसअनुरुप भएन । यसका लागि सबै राजनीतिक शक्तिहरुबाट प्रतिवद्धता आउनुपर्छ । मुखले भनेर मात्रै लगानीको वातावरण बन्दैन, व्यवहारमा देखाइए मात्र एनआरएनहरुले भने झैँ समृद्ध नेपाल बनाउन सकिन्छ ।

**नेपालको आर्थिक नीति विश्व परिवेशका छन् त ?**

हाम्रा सबै आर्थिक कानुन विश्वस्तरका छन् । आर्थिक कानुन कमजोर छैन । लगानीको बाधक गैरआर्थिक विषय नै हो । यी गैरआर्थिक विषयलाई हामीले सम्बोधन गर्नैपर्छ ।

**एनआरएनबाट मुलुकको विकासमा योगदान पुग्नेमा कति आशावादी हुनुहुन्छ ?**

आर्थिकरुपमा नेपाललाई समृद्ध बनाउन उनीहरुको सफलता उपयोगी हुनेमा म आशावादी छु । एनआरएनहरुले विदेशमा जसरी काम गरिरहेका छन्, मातृभूमिमा पनि त्यस्तै काम गर्ने उद्देश्य लिएका छन् । विदेशमा बसेर नेपाल र नेपालीका लागि उनीहरुको योगदान बढी नै हुन्छ भन्नेमा आशावादी छु । ♦

# राज्यमा समान सहभागिता



राज्य संरचनामा जातीय सहभागिताबिना लोकतान्त्रिक व्यवस्था फस्टाउन नसक्ने धारणा जातीय सङ्गठनका अगुवाहरुले राखेका छन् । वर्षौंदेखिको विभेदले द्वन्द्व निम्तिएको बताउदै जातीय स्वायत्तता बिना मुलुकको स्थायित्वसमेत हुन नसक्ने दाबी उनीहरुले गरेका छन् । मधेशी जनाधिकार फोरमका अध्यक्ष उपेन्द्र यादवले राज्यमा अल्पसङ्ख्यक जनताको प्रतिनिधित्व हुनु पर्नेमा जोड दिनुभयो । मुलुकको राज्यसंरचनामा तीन जातिको मात्र प्रभुत्व रहेको उल्लेख गर्दै नयाँ नेपालका लागि समान सहभागिता आवश्यक रहेको बताउनुभयो ।

मधेशी समुदायको राज्यका प्रत्येक निकायमा न्यून सहभागिता रहेकोमा उहाँले असन्तोष व्यक्त गर्नुभयो । नेपाल जनजाति महासघंका अध्यक्ष पासाङ शेर्पाले मुलुकको अग्रगमनका लागि राज्य सञ्चालनमा सबै जनजातिको समान सहभागिता हुनुपर्ने धारणा राख्नुभयो । जातीय मुद्दा समाधानमा ध्यान नदिए द्वन्द्व व्यवस्थापन हुन नसक्ने उहाँले बताउनुभयो ।

दलित नागरिक आन्दोलनका प्रतिनिधि विनोद पहाडीले सामाजिक विभेद अन्त्य गर्नु अहिलेको मुख्य मुद्दा रहेकोमा जोड दिनुभयो । राज्य संरचनामा दलितको सहभागिता न्यून रहेकोमा पहाडीको दुःखेसो छ । 'पाँच सय न्यायाधीशमा एक जना पनि दलित छैनन्' उहाले भन्नुभयो, 'अन्तरिम व्यवस्थापिका संसदमा पनि २० जना मात्र दलित सांसद छन् । दलितको शिक्षामा सहयोग पुर्‍याउन पहाडीले एनआरएनहरुलाई आग्रह गर्नुभयो । ♦

## Today's Program

**09.00-10.30 hrs**

NRNs for Socio Economic Transformation of Nepal
Split Session on Key economic Issues.
- Culture and Tourism
- Insvestment Oppertunities in Infrastructure
- Youth, Education and Sports
- Role of Global Nepali Women

**11.00 12.30**

NRN Law. What is there and what is missing

**13.30-14.00 hrs**

NRNA Annual General Meeting
ICC Report Presentation and Adoption

**14.00-16.00 hrs**

NRN Constitution, Code of Conduct and Sustainability of NRNA

**16.30-17.45 hrs**

NRN Movement Problem, Prospects and Road Ahead Presentation on Various NRNA Projects

**17.45-19.00 hrs**

Presentation by NCCs